# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४ ) काठमाडौं, माघ ८ गते २०४१ साल ( संख्या ४०


## भाग ३

श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### सैनिक उपचारिका नियमावली, २०४१

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सैनिक उपचारिका नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,–

(क) "सैनिक अस्पताल" भन्नाले श्री त्रिचन्द्र मिलिटरी अस्पताल र अरू सैनिक चिकित्सालयहरू सम्झनुपर्छ र सो शब्दले शाही नेपाली सेनाद्वारा व्यवस्थित फिल्ड एम्बुलेन्स, स्थायी वा अस्थायी वासस्थान भएको स्वास्थ्य केन्द्रहरू समेतलाई जनाउँछ ।

(ख) "सैनिक उपचारिका (नर्सिङ सिष्टर्स)" भन्नाले सैनिक अस्पतालमा रहेको सहायक उपचारिका, सह-उपचारिका, वरिष्ठ उपचारिका, सहदक्ष उपचारिका र दक्ष उपचारिका सम्झनुपर्छ ।

६६९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "सहायक उपचारिका" भन्नाले सुबेदारको पद प्राप्त सैनिक उपचारिका सम्झनुपर्छ ।

(घ) "सह-उपचारिका" भन्नाले सहायक सेनानी वा उप-सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनुपर्छ ।

(ङ) "वरिष्ठ उपचारिका" भन्नाले सह-सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनुपर्छ ।

(च) "सहदक्ष उपचारिका" भन्नाले सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनुपर्छ ।

(छ) "दक्ष उपचारिका" भन्नाले प्रमुख सेनानीमा आयुक्त पद प्राप्त सैनिक उपचारिका सम्झनुपर्छ ।

(ज) "उपचारसम्बन्धी काम" भन्नाले रोगोपचारको निमित्त गरिने चिकित्सा, सुसार, सेवा शुश्रूषा र प्रसुती वा शिशु कल्याण सेवा सम्झनुपर्छ ।

(झ) "प्रवर समिति" भन्नाले नियम ५ बमोजिमको प्रवर समिति सम्झनुपर्छ ।

३. योग्यता: (१) देहायबमोजिम योग्यता भएको महिलालाई मात्र सैनिक उपचारिकाको पदमा नियुक्ति गर्न सकिनेछ:–

(क) सहायक उपचारिकाको लागि नर्सिङ प्रमाणपत्र तह पास गरेको ।

(ख) सह-उपचारिकाको लागि नर्सिङ स्नातक तह वा बी. एस्सी. नर्सिङ कोर्स पास गरेको ।

(ग) नियुक्तिको लागि छानिने वर्षको वैशाख १ गते पच्चीस वर्ष उमेर ननाघेको

तर,

श्री ५ को सरकारबाट मान्यता प्राप्त अस्पतालमा उपचारिका-सम्बन्धी कामको तालीम तथा अनुभव प्राप्त गरेको भए नियुक्तिको लागि छानिने वर्षको वैशाख १ गते तीस वर्ष उमेर ननाघेको ।

(२) सैनिक उपचारिकाको पदमा साधारणतया अविवाहिता वा बाल बच्चा-रहित विधवा वा साथमा बालबच्चारहित कानूनबमोजिम सम्बन्ध विच्छेद भएका महिलालाई नियुक्त गरिनेछ ।

४. सेवाबाट हट्ने: सैनिक उपचारिकाले नियुक्ति भएको सात वर्षभित्र विवाह गरेमा निजलाई सेवाबाट हटाइनेछ ।

६९०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. प्रवर समितिः (१) सहायक उपचारिका पदमा नियुक्तिको लागि सिफारिश गर्न देहायबमोजिमको प्रवर समिति रहनेछ :–

(क) सैनिक स्वास्थ्य सेवा निर्देशक – अध्यक्ष
(ख) सहायक रथी मिलिटरी अस्पताल – सदस्य
(ग) सह-सञ्चालनाधिकृत – सदस्य-सचिव

(२) सह-उपचारिका पदमा नियुक्तिको लागि सिफारिश गर्न देहायबमोजिमको प्रवर समिति रहनेछः–

(क) सैनिक स्वास्थ्य सेवा निर्देशक – अध्यक्ष
(ख) सहायक रथी मिलिटरी अस्पताल – सदस्य
(ग) सैनिक सचिव – सदस्य-सचिव

६. नियुक्ति र पदोन्नतिः (१) सहायक उपचारिका पदमा नियुक्तिको लागि प्रवर समितिद्वारा सिफारिश भएका उम्मेदवारलाई प्रधान सेनापतिले नियुक्ति गर्नेछ ।

(२) सह-उपचारिका पदमा नियुक्तिको लागि प्रवर समितिबाट सिफारिश भएका उम्मेदवारलाई सहायक सेनानीमा आयुक्त पद प्रदान गर्न श्री ५ महाराजाधिराजको स्वीकृतिको निमित्त प्रधान सेनापतिले रक्षा मन्त्रालयमार्फत पेश गर्नेछ र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

(३) सहायक उपचारिकामा दश वर्षसम्म काम गरेको र सैनिक प्राविधिक आधारभूत तालीम प्राप्त गरेको महिलालाई सहायक सेनानी स्तरको सह-उपचारिकाको पदमा पदोन्नति गर्न सकिनेछ ।

(४) दुई वर्ष सेवा गरेपछि सहायक सेनानी स्तरका सह-उपचारिकालाई उप-सेनानी पदमा पदोन्नति गर्न सकिनेछ ।

(५) उप-सेनानीस्तरको सह-उपचारिकामा पाँच वर्ष सेवा गरेपछि वरिष्ठ उपचारिकामा पदोन्नति गर्न सकिनेछ ।

(६) वरिष्ठ उपचारिकामा पाँच वर्ष सेवा गरेका नर्सिङ स्नातक तह वा बी. एस्सी. नर्सिङ कोर्स पास गरेका सैनिक उपचारिकालाई मात्र सहदक्ष उपचारिकामा पदोन्नति गर्न सकिनेछ ।

तर,

प्रमाणपत्र तहको योग्यता भई सहायक उपचारिका पदमा नियुक्ति भएका सैनिक उपचारिकाले स्नातक तहको योग्यता प्राप्त गरेमा उक्त स्नातक तहको योग्यता प्राप्त गरेको मितिबाट मात्र पदोन्नतिको लागि ज्येष्ठता कायम गरिनेछ ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) सहदक्ष उपचारिकामा चार वर्ष सेवा गरेकालाई मात्र दक्ष उपचारिकामा पदोन्नति गर्न सकिनेछ ।

७. सैनिक उपचारिकाहरूले पाउने सुविधाः सैनिक उपचारिकाहरूले देहायबमोजिमका सुविधा पाउनेछन्ः–

(क) शाही नेपाली सेनाले पाएसरहको राशन तथा तोकिएको पोशाक सुविधा ।

(ख) सैनिक अस्पतालभित्र भएको निवासस्थानमा बस्ने सुविधा, तर विवाहिता सैनिक उपचारिकाले त्यस्तो सुविधा पाउनेछैन ।

(ग) सेवाको अवधिभर दुई पटकसम्म प्रसुति बिदा ।

८. उमेरको हदः सैनिक उपचारिकाको अवकाशको निमित्त उमेरको हद देहायबमोजिमको हुनेछः–

| | |
|---|---|
| सहायक उपचारिका | – ५० वर्ष |
| सह-उपचारिका | – ५० वर्ष |
| वरिष्ठ उपचारिका | – ५१ वर्ष |
| सहदक्ष उपचारिका | – ५३ वर्ष |
| दक्ष उपचारिका | – ५४ वर्ष |

९. अवधिः दक्ष उपचारिकाको सेवाको अवधि ५ वर्षको हुनेछ ।

तर बफादारीका साथ लामो सेवा गरेको दक्ष उपचारिकाको आवश्यकता प्रधान सेनापतिले महसूस गरी काम दिन सक्ने शारीरिक तन्दुरूस्ती भई सैनिक स्वास्थ्य सेवा निर्देशकबाट समेत सिफारिश भएमा पाँच वर्षको अवधि पूरा भएपछि अर्को दुई वर्षको एक अवधि थप हुन सक्नेछ । यसरी अवधि थप गर्दा उमेरको हद ननाघेको हुनुपर्नेछ ।

१०. खारेजीः सैनिक उपचारिका (नर्सिङ सिष्टर्स) नियमहरू, २०१८ खारेज गरिएको छ ।

११. बचाउः यस नियमावलीमा लेखिएजति कुरामा यसै नियमावलीबमोजिम र अरूमा सैनिकसम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
मुकुन्दशमशेर थापा
श्री ५ को सरकारको का. मु. सचिव

६६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववरसिंह थापा घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री ईश्वरबहादुर श्रेष्ठलाई मिति २०४१।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

## श्री ५ को सरकार
## गृह मन्त्रालयको सूचना

जि.का. सोलुखुम्बुका प्र.जि.अ. श्री इन्द्रकुमार श्रेष्ठ घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री खेचरप्रसाद खनाललाई मिति २०४१।६।१६ देखि का.मु. मुकरर गरिएको छ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)

६६२



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।